# नेपाल नोटरी पब्लिक परिषद
## (NEPAL NOTARY PUBLIC COUNCIL)
स्थापित: २०६३
कुपण्डोल, ललितपुर, नेपाल

मितिः २०८३/०४/०४

**नोटरी पब्लिक सम्बन्धी नियमावली संशोधन सम्बन्धी सूचना ।**

नेपाल नोटरी पब्लिक परिषद्को मिति २०८३/०३/२५ को निर्णयानुसार नोटरी पब्लिक सम्बन्धी नियमावली, २०६३ लाई संशोधन गरिएको हुनाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**जिल्ला परिवर्तनको शूल्क परिवर्तनः**

प्रति छाप वापत पाँच सय रुपैया, प्रमाणपत्र वापत एक हजार रुपैया र परिचयपत्र वापत एक हजार रुपैया समेत जम्मा दुई हजार पाँच सय रुपैया दस्तुर लाग्नेछ।

**दस्तखत परिवर्तनः**

नोटरी पब्लिकले आफुले परिषद्मा पेश गरेको दस्तखत परिवर्तन गर्न चाहेमा एक हजार रुपैया दस्तुर तिरी परिषद्मा निवेदन दिन सक्नेछ।

**प्रमाणपत्र, छाप र परिचयपत्र शूल्कः**

प्रमाणपत्र वापत पाँचहजार रुपैया, प्रति छाप वापत पाँच सय रुपैया र परिचयपत्र वापत एक हजार रुपैया शूल्क लाग्नेछ।

**प्रमाणपत्र नविकरणः**

नोटरी पब्लिकको प्रमाणपत्र लिएको व्यक्तिले प्रमाणपत्रको अवधि सकिएको पाँच वर्षभित्र नविकरण नगरेमा परिषद्ले त्यस्तो व्यक्तिको प्रमाणपत्र रद्द गरी बुझाउन बाँकी दस्तुर असुल गर्नेछ।

**सुरक्षित चिन्ह सहितको कागजको प्रतिवेदनः**

अनुवादक नोटरी पब्लिकले आफूले अनुवाद गर्ने प्रयोजनको लागि परिषद्बाट खरिद गरेका सुरक्षित चिन्ह सहितको कागज संख्या पाँच हजार प्रति खरिद गरिसकेपछी थप कागज खरिद गर्न चाहेमा परिषद्मा पहिलो पाँचहजार प्रतिको विवरण सहितको प्रतिवेदन बुझाउनु पर्नेछ।

**कामको सूची टाँस गर्नु पर्नेः**

नोटरी पब्लिकले परिषद्बाट प्रमाणपत्र प्राप्त गरेपछी मात्र आफूले कानूनबमोजिम गर्न पाउने नोटरी पब्लिक सम्बन्धी कामको सूची उल्लेख गरी आफ्नो कार्यालयमा टास्नु पर्नेछ र निजले त्यस्तो सूची वेभपेज वा सामाजिक सञ्जालमा प्रविष्ट गर्न सक्नेछ।

तर परिषद्बाट नोटरी पब्लिकको प्रमाणपत्र नलिएका व्यक्तिले कुनै किसिमको विज्ञापन सम्बन्धी काम गर्न पाउनेछैन।

**प्रमाणपत्र स्थगनः**

नोटरी पब्लिकले आफूले प्राप्त गरेको प्रमाणपत्र तत्काल नविकरण नगरी पछी पुनः नविकरण गर्नेगरी परिषद्बाट तोकिएको शुल्क तिरी तत्कालका लागि प्रमाणपत्र स्थगन गर्न सक्नेछ।

प्रमाणपत्र स्थगन गरेको अवधिभर निजले नोटरी पब्लिक सम्बन्धी काम गर्न पाउनेछैन।

**छापको Expiry Date सम्बन्धीः**

अनूसूची ४ बमोजिमको नोटरी पब्लिकको छाप भित्र रहेको "Expiry Date" भन्ने शब्दको सट्टा "Renewal Date" भन्ने शब्द राखिएको छ।



सम्पर्क फोन नं.: ०१-५४५२३५७, ९७४८२७७००३
इमेलः nepalnotary@gmail.com, वेबसाइटः www.notarypublic.org.np

# नेपाल नोटरी पब्लिक परिषद्
## (NEPAL NOTARY PUBLIC COUNCIL)
स्थापित: २०६३

कुपण्डोल, ललितपुर, नेपाल

<u>नोटरी पब्लिकले लिन पाउने शुल्कः</u>

| | | |
|---|---|---|
| अनुवादकको हकमा | | |
| नागरिकता प्रमाणपत्र | जस्ता निश्चित सरकारी ढाँचामा तय भएका लिखत | प्रति पृष्ठ रु.३००/- |
| जग्गाधनी प्रमाणपूर्जा | | |
| जन्म दर्ता | | |
| विवाह दर्ता | | |
| मृत्यु दर्ता | | |
| कानूनी लिखत | जस्ता कागजातको नेपाली अक्षर १६ र अंग्रेजी अक्षर १४ गर्दा ३०० शब्द सम्मको प्रतिलाई एक पृष्ठ मानी | प्रति पृष्ठ रु. १०००/- |
| अदालतको फैसला | | |
| आदेश | | |
| संगठित संस्थाको विधान | | |
| १ र २ मा उल्लेखित कागजात बाहेक निश्चित ढाँचा नतोकिएका स्थानिय निकायको सिफारिस र अन्य यस्तै कागजात | | प्रति पृष्ठ रु. ५००/- |
| लिखत प्रमाणितको हकमा | | प्रति लिखत रु.१०००/- |
| नक्कल प्रमाणितको हकमा | | |
| स्वदेश वा विदेशमा रोजगारी , अध्ययन, अनुसन्धान, खोज, तालिम लगायत शैक्षिक,प्राज्ञिक प्रयोजनार्थ पेश हुने कागजातहरुको नक्कल प्रमाणित गर्दा पहिलो पृष्ठ १ देखि ५ सम्म निवेदन दर्ता शुल्क समेत | एक मुष्ठ रु. १००/- नबढाई | |
| | ५ पृष्ठ भन्दा बढी भएका कागजातहरुको थप | प्रति पृष्ठ रु.५०/- नबढाई |
| ठेक्का पट्टा दरभाउ सूची टेन्डर औधोगिक व्यवसायीक दर्ता नाफामुलक फर्म कम्पनि संघ संस्था दर्ता तथा अन्य यस्तै प्रयोजनार्थ पेश गरिने कागजातहरुको नक्कल प्रमाणित गर्दा पहिलो पृष्ठ १ देखी ५ सम्म निवेदन दर्ता शुल्क समेत | एक मुष्ठ रु.२००/-नबढाई | |
| | ५ पृष्ठ भन्दा बढी भएका कागजातहरुको थप | प्रति पृष्ठ रु. १००/- नबढाई |

(प्रकाश गौतम)

सचिव



सम्पर्क फोन नं.: ०१-५४५२३५७, ९७४८२७७००३
इमेल: nepalnotary@gmail.com, वेबसाइट: www.notarypublic.org.np